


# विश्व

**अंकमाल**
इदको उपलक्ष्यमा तालिवान लडाकु सुरक्षकर्मीसँग अंकमाल गरी शुभकामना साट्दै।



**कब्जा**
यमनी सरकारी फौज बन्दरगाह शहर हुदेदाहको हौथी लडाकूको नियन्त्रणमा रहेको विमानस्थलमा कब्जा जमाउन सफल भएको छ।



विश्व २ मिनेट

**अफगानिस्तान**

## अद्भूत अंकमाल

काबुल, (एजेन्सी)

मुस्लिमहरूको महान चाड इदको उपलक्ष्यमा अफगानिस्तानमा घोषणा भएको ३ दिने युद्धविरामका कारण त्यहाँ अद्भूत दृश्य देखिएका छन्। अफगान लडाकु समूह तालिवान र सरकारी फौजका सदस्य जताततै आपसमा अंकमाल गरेर शुभकामना साटासाट गरिरहेका तस्वीर स्थानीय सञ्चार माध्यमले सार्वजनिक गरेको छ। केही दिन अघिसम्म करिब असंभव नै मानिने यस्तो दृश्यका भिडियो पनि धमाधम सार्वजनिक भइरहेका छन्। लडाकुले राजधानी काबुलमा गृहमन्त्री वाइस वार्माक्सँग भेटिरहेका तस्वीर पनि सार्वजनिक भएका छन्। राष्ट्रपति असरफ घानीले दीर्घकालीन शान्तिका लागि युद्धविराम चाहेका हुन्।

**अमेरिका**

## ट्रम्पका सहयोगी जेलमा

वासिंगटन, (एजेन्सी)

संयुक्त राज्य अमेरिकाको एक अदालतले शुक्रबार राष्ट्रपति डोनाल्ड ट्रम्पका पूर्व चुनाव प्रचार प्रमुख पाउल मैनफोर्टलाई दस्तावेजमा हेरफेर गरेको आरोपमा आवश्यक न्यायिक प्रक्रिया पूरा नहुन्जेलसम्मका लागि कारगार चलान गरिएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। उद्योगपति तथा लामो समयदेखि रिपब्लिकन पार्टीका लागि काम गर्दै आएका मैनफोर्ट २०१६ को अमेरिकी राष्ट्रपति चुनावमा रुसको भूमिकाको जाँचबुझ गर्ने जिम्मा लिएका विशेष अधिवक्ता रोवर्ट म्यूलरको निगरानीमा रहेका थिए। म्यूलरले गत साता मैनफोर्टमाथि अभियोग लगाएका थिए। अदालतले जमानत रद्द गरी उनलाई जेल पठाएको हो।

**स्विजरल्यान्ड**

## छानबिन माग

जेनेभा, (एजेन्सी)

संयुक्त राष्ट्रसंघ मानवअधिकार कार्यालयले काश्मिरको विवादित क्षेत्रमा भएको मानवअधिकार उल्लंघनको स्वतन्त्र छानबिन गर्न आह्वान गरेको छ। उक्त कार्यालयले तयार पारेको प्रतिवेदन काश्मिरमा भएका मानवअधिकार उल्लंघनका घटनाबारे समेत उल्लेख गरिएको छ। संयुक्त राष्ट्रसंघले काश्मिरबारे पहिलो पटक यस प्रकारको प्रतिवेदन तयार पारेको हो। यो प्रतिवेदन सन् २०१६ जुलाईमा लडाकु समूह हिज्बुल्ला मुजाहिद्धिनका कमान्डर २२ वर्षीया बुरहान बानीको हत्यापछि भारतीय सुरक्षाकर्मीबाट भएको ज्यादतीसँग सम्बन्धित रहेको छ। काश्मिर भारत र पाकिस्तान प्रशासित क्षेत्रका रुपमा विभाजित छ।

**अमेरिका**

## कारावास सजाय

वासिंगटन, (एजेन्सी)

होली डेभिस् नाम गरेकी अमेरिकी महिलालाई एक चिनियाँ छात्रको हत्या गरेको अभियोगमा २५ वर्ष लामो काराबास सजाय सुनाइएको छ। एरिजोना राज्य निवासी उनलाई क्षमा दिन नमिल्ने र २५ वर्षअघिको उनको अपराधका लागि सजाय घटाउन पनि नमिल्ने अदालतले निर्णय गरेको छ। अमेरिकाको एरिजोना राज्यमा ती महिलाले सन् २०१६ मा १९ वर्षीय चिनियाँ विद्यार्थी जियान सुको हत्या गरेकी थिइन्। लामो समयदेखि चलिरहेको मुद्दालाई लिएर शुक्रबार एरिजोना राज्यको अदालतले निर्णय दिएको थियो।

# आप्रवासी नीतिका कारण बालबालिका अलपत्र

वासिंगटन, (एजेन्सी)



विगत ६ साताभित्र अमेरिकी सीमाना क्षेत्रमा झन्डै २ हजार आप्रवासी बालबालिका आफ्ना परिवारबाट छुटिन पुगेको सरकारी अधिकारीले शनिबार जनाएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सरकारको अवैध आप्रवासीमाथि दमन गर्ने कडा नीतिका कारण मेक्सिकोको सीमानामा अमेरिका प्रवेश गर्न खोज्ने वयस्क आप्रवासीलाई प्रहरीले हिरासतमा लिएपछि ती बालबालिका अलपत्र परेका हुन्।

यो अवैध आप्रवासी नियन्त्रण सरकारी नीति अमेरिकामा ठूलो राजनीतिक बहसको विषय बनिरहेको छ। बिहीबार अमेरिकी महान्यायधीवक्ता जेफ सेसन्सले सरकारको यस न्यून सहनशीलता नीतिबाट पीडित आप्रवासीको रक्षा होस् भनी भगवानसँग प्रार्थना गरेका थिए। लामो समयदेखि पहिलो पटक मेक्सिकोबाट अवैधरुपमा अमेरिका प्रवेश गर्ने क्रममा पक्राउ परेकालाई साधारणतया साधारण नसिहत दिएर छाड्ने गरिएको थियो।

तर अहिले ट्रम्प नीतिअनुसार यस्ता व्यक्तिमाथि अन्य अपराधीलाई जस्तै कानुनी कारबाही अघि बढाइने भएको छ। आफ्ना अभिभावकलाई सुरक्षाकर्मीले हिरासतमा लिएर कानुनी कारबाही बढाउने गरेकाले बालबालिका अहिले अन्यौल स्थितिमा पुगेका हुन्। अमेरिकी मातृभूमि सुरक्षा विभागको तथ्यांकअनुसार गत १९ अप्रिल देखि ३१ मे बीच पक्राउ परेका १ हजार ९ सय ४० वयस्कबाट १ हजार ९ सय ९५ जना बालबालिका छुटेका छन्।

# भारतमा पानीको विकराल समस्या



नयाँ दिल्ली, (एजेन्सी)

भारतले अहिलेसम्मकै सबैभन्दा नराम्रो पानीको अभाव भोगिरहेको र यसबाट ६० करोड व्यक्ति प्रभावित रहको १ जना सरकारी बुद्धिजीविले शुक्रबार बताएका छन्। हालै सार्वजनिक गरिएको नीति आयोगको प्रतिवेदनमा भारतका २९ मध्ये २४ वटा राज्यको पानीको अभावसम्बन्धी तथ्यांक समेटिएको छ।

सो प्रतिवेदनमा पछिल्ला वर्षमा यो समस्या झनझनै विकराल बन्दैँ गइरहेको तथा आगामी सन् २०२० सम्ममा पानीको माग अझै बढ्दै जाने तर भारतका २१ वटा शहरमा भूमिगत पानी भण्डार पनि सकिने जनाइएको छ।

८० प्रतिशत पानी कृषिका लागि प्रयोग हुने गरेकाले पानीको अभावसँगै खाद्यान्न सुरक्षासमेत खतरामा पर्ने बताइएको छ। घरघरमा खानेपानी पाइपमार्फत वितरण गर्ने पूर्वाधारको कमीका कारण गर्मीयाममा भारतका शहरमा पानीको साह्रै अभाव हुने गरेको छ।

सफा पानीको अभावका कारण ग्रामीण क्षेत्रमा पनि ठूलो समस्या देखापर्ने गरेको छ। वर्षा अनियमित हुने गरेकाले तिनीहरू जमिनमुनिको पानीमा पनि भर पर्न सकेका छैनन्। साथै ग्रामीण क्षेत्रमा धेरैजसो भूमिगत पानी खेतीपातीमा प्रयोग हुने गरेको छ। स्वास्थ्यसम्बन्धी एक प्रतिवेदनअनुसार प्रत्येक वर्ष करिब २ लाख भारतीयको स्वच्छ पिउने पानीको अभावमा अकालमै मृत्यु हुने गरेको छ।

**फल्योर हिमालयन लिमिटेडको**
**१८औं, १९औं, २०औं, २१औं तथा २२औं वार्षिक साधारण सभाको सूचना**

श्री शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०७५।०३।०१ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको अठारौं (आ.व. ०६९।०७०), उन्नाईसौं (आ.व. ०७०।०७१), बीसौं (आ.व. ०७१।०७२), एक्काइसौं (आ.व. ०७२।०७३) र बाइसौं (आ.व. ०७३।०७४) वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णयको लागी बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको सादर उपस्थितिको लागी अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७५ असार २४ गते, आइतबार
स्थान : नेपाल प्रशासनिक स्टाफ कलेज, जाउलाखेल, ललितपुर, नेपाल
समय : दिउँसो १ बजे

**छलफलका विषयहरु**

(क) सामान्य प्रस्ताव :
१. संचालक समितिको तर्फबाट साधारण सभमा पेश हुने प्रतिवेदनलाई पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. ०६९।०७०, ०७०।०७१, ०७१।०७२, ०७२।०७३ र ०७३।०७४ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो को अनुसुचिहरु समेतको विवरण पारित गर्ने ।
३. संचालक समितिको निर्णय बमोजिम कम्पनीको आ.व. ०७०।०७१, ०७१।०७२ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री जगदिश प्रसाद खण्डेलवाललाई, आ.व. ०७२।०७३ का लागि श्री ध्वज एण्ड कम्पनीलाई र ०७३।०७४ को लागि श्री जगदिश प्रसाद खण्डेलवाललाई कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम नियुक्त गरिएकोमा अनुमोदन गर्ने तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. ०७४।०७५ को लागी लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (संचालक समितिले कम्पनीको आ.व. २०७४।०७५ को वार्षिक आर्थिक विवरणहरुको लेखापरीक्षण गर्न लेखापरिक्षक श्री जगदिश प्रसाद खण्डेलवालको नाम सिफारिश गरेको छ ।)
४. संस्थापक समूह "क" बाट ४ जना र सर्वसाधारण समूह "ख" बाट २ जना समेत गरी ६ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा । (निर्वाचन कार्यक्रम सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय ओम आश्रम, वीरगञ्ज तथा ललितपुर, कृष्णगल्ली स्थित एनपिएल भवनको कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न हुन सादर अनुरोध गरिन्छ ।)
५. अल्फाएग्रो प्रा.लि. सँगको लिज सम्झौता (Lease Agreement) अनुमोदन गर्ने सम्बन्धमा ।
६. विविध ।

(ख) विशेष प्रस्ताव :
१. कम्पनीको पूँजीबृद्धि गरि कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने । (पूँजी वृद्धि सम्बन्धि व्यवस्था संचालक समितिको वार्षिक प्रतिवेदनमा संलग्न छ) ।
२. कम्पनीको चुक्तापूँजी रु. २,४८,५८,७०० बाट बृद्धि गरी रु १४,९१,५२,२०० पुऱ्याउन १:५ (एक बराबर पाँच) को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड तथा सम्बन्धित निकायबाट हकप्रद शेयर जारी एवं सो सम्बन्धि कानुनी प्रक्रियाहरु स्वीकृत गराउनको लागी आवश्यक्ता अनुसार सोमा थप घट गर्न तथा सच्याउनको लागी सम्पूर्ण अधिकार संचालक समितिलाई दिने । साथै कम्पनीले जारी गर्ने हकप्रद शेयर कम्पनीको शेयरधनीहरुबाट पूर्ण रुपमा चुक्ता नभएमा बाँकी रहेजतिको उक्त शेयर अन्य शेयरधनी तथा अन्य व्यक्ति/कम्पनीलाई जारी गर्न संचालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने ।
३. कम्पनीको व्यावसायिक कारोबारकालागि उपयुक्त बैंक तथा वित्तिय संस्थाबाट ऋण सुविधाप्राप्त गर्ने सम्बन्धी विशेष प्रस्ताब पारित गर्ने ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


विशेषनोट:
१. सभामा भागलिन र मतदान गर्नको लागी प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले सभा हुने दिनभन्दा ४८ घण्टा अगावै कार्यालय समयको अपरान्ह ५:०० बजे सम्ममा कम्पनीको विरगञ्ज स्थित रजिर्ष्टड कार्यालयमा वा ललितपुर, कृष्णगल्ली स्थित एनपिएल भवनको कार्यालयमा प्रतिनिधि नियुक्त (प्रोक्सी) सम्बन्धि फारम दर्ता गरिसक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्दा कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न पाइनेछैन ।
२. यस कम्पनीको वार्षिक साधारणसभा सम्बन्धि सूचना तथा प्रतिवेदन शेयरधनीहरुको कम्पनीमा उपलब्ध ठेगाना अनुसार कुरियर तथा हुलाकबाट पठाइएको छ । ठेगाना स्पष्ट नहुने शेयरधनीहरुले तथा प्राप्त गर्न नसक्नुभएका शेयरधनीहरुले पाटन कृष्ण गल्ली, एनपिएल भवन (भाटभटेनी डिपार्टमेन्टल नजिक) स्थित कम्पनीको कार्यालयबाट र कम्पनीको रजिर्ष्टड कार्यालय, विरगञ्ज (ओम आश्रम) बाट साधारणसभा सम्बन्धि सूचना, निर्वाचन सम्बन्धि कागजात तथा वार्षिक प्रतिवेदन प्राप्त गर्नु सक्नुहुनेछ ।
३. विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा दुई दिन अगावै कार्यालय समय भित्र छलफलको विषाय कम्पनीको प्रबन्ध संचालक मार्फत संचालक समितिका अध्यक्षलाई सम्बोधन गरी कम्पनीको रजिर्ष्टड कार्यालय, विरगञ्ज वा ललितपुर, कृष्णगल्ली स्थित एनपिएल भवनको कार्यालयमा आइपुग्ने गरी लिखित रुपमा पठाउनु पर्नेछ । त्यस्तो विषाय कम्पनीसँग सम्बन्धित औचित्य हेरी छलफलका लागी समावेश गरिनेछ ।
४. संचालक समितिको निर्वाचन सम्बन्धी कार्यक्रम २०७५।०३।१५ गते दिनको १:०० बजे ललितपुर, कृष्णगल्ली स्थित एनपिएल भवनको कार्यालयमा प्रकाशन गरिनेछ ।
५. संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।
६. २०७५ असार ४ गते देखि २०७५ असार २४ गतेसम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिएको छ ।

कम्पनीको रजिर्ष्टड कार्यालय
ओम आश्रम
वीरगञ्ज
फोन : ०१-५१५२८६८९

कम्पनीको शाखा कार्यालय
पाटन कृष्णगल्ली, एनपिएल भवन
(भाटभटेनी डिपार्टमेन्टल स्टोर नजिक)
फोन : ०१-५५२९०५९

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

# कमेडियन युवतीका हत्याराद्वारा आत्मसमर्पण



सिड्नी, (एजेन्सी)

अष्ट्रेलियामा राति घर जाँदै गर्दा १ जना महिला कमेडियनलाई बलात्कारपछि हत्या गरिएको घटनालाई लिएर ठूलो जनआक्रोश र दु:ख फैलिएको छ। बुधबार बिहान सबेरै मेलवर्नस्थित एउटा फुटबल ग्राउन्डमा २२ वर्षिया युरिडाइस डिक्सनको लाश फेला परेको थियो। केही घन्टाअघि मात्र उनले त्यहाँको एउटा बारमा आफ्नो कार्यक्रम प्रस्तुत गरेकी थिइन्। हत्याको आशंकामा प्रहरीले १ जना १९ वर्षीय युवकलाई गिरफ्तार गरेको छ।

सामाजिक संजालमार्फत कमेडियन तथा सर्वसाधारणले डिक्सनको निधनप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् भने जनतामाझ स्थानीय महिलाविरुद्ध हुने गरेको हिंसालाई लिएर स्थानीय वहस शुरू भएको छ। अधिकांश व्यक्तिले यस घटनालाई सन् २०१२ को जिल मिगर जामक एक आइरिस महिलाको हत्यासँग दाँजेर हेरेका छन्।

मेलवर्न नजिक उनको हत्या हुँदा करिब ३० हजार व्यक्तिले शान्ति पदयात्रा गरेका थिए। उनका समकालीन कमेडियन निकी व्यारीले अष्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसनलाई भनेका छन्- 'डिक्सनले महिलाको समस्याबारे निकै महत्त्वका साथ सम्बोधन गर्ने गरेकी थिइन्।'

उनले मंगलबार बेलुकी करिब साढे १० बजे मेलवर्नको मध्यभागस्थित बार छोडेको र त्यसको केही क्षणपछि उनलाई उपनगर कार्लटन नर्थमा आक्रमण भएको हुनुपर्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले जनाएको छ। बुधबार प्रहरीसमक्ष आत्मसमर्पण गर्न आएका १९ वर्षीय जेम्स टोडलाई बलात्कार र हत्याको अभियोग लगाइएको छ।

# ट्रम्पले सलाम फर्काउँदा विभिन्न टिकाटिप्पणी

सिंगापुर सिटी, (एजेन्सी)

कुनै मित्र राष्ट्रको सैनिक अधिकारीले सलाम गरे त्यसलाई फर्काउने अमेरिकी सैन्य अधिकारीको आम चलन रहेको छ। साथै यस चलनलाई सैन्य व्यावसायिकताको रुपमा लिने गरिएको छ।

कुनै पनि अमेरिकी राष्ट्रपतिले भने त्यस्तो सलाम फर्काउनै पर्छ भन्ने कुनै अनिवार्य नियम छैन। यदि सलाम नफर्काइउन भने पनि यसलाई आपसी सम्मानको रुपमा हेरिन्छ। उत्तर कोरियाको सरकारी टेलिभिजन केसी टीभीले हालै ट्रम्प र किमबीच सिंगापुरमा सम्पन्न ऐतिहासिक शिखरवार्ताको सिलसिलामा सार्वजनिक गरेको एक भिडियोमा देखाइएको छ- 'ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उन सँगसँगै अघि बढेर हात मिलाइसकेपछि किमका विभिन्न प्रतिनिधि रहेको कोठामा प्रवेश गर्छन्। त्यसपछि ट्रम्प कोठामा उपस्थित व्यक्तिसँग हात मिलाउन थाल्छन्। त्यस क्रममा सैनिक पोशाकमा सजिएका उत्तर कोरियाली जनरल नो क्वाङ चोलसँग साक्षात्कार भएपछि पहिले ट्रम्पले हात अघि बढाउँछन्। तर तत्काल जनरलले सलामले फर्काउँछन्।

ट्रम्पले पनि त्यसपछि उनलाई सलाम फर्काउँछन्। त्यसपछि पुन: ट्रम्पले हात दिन्छन् र दुई नेताले हात मिलाउँछन्।' विशेष सूत्रका अनुसार ट्रम्पलाई कुनै पनि विदेशी सैन्य अधिकारीलाई सलाम नगर्नका लागि सल्लाह दिइएको थियो। यसबारे विभिन्न पक्षबाट विरोध भइरहेका बेला अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसले भने यसलाई 'सामान्य शालीन शिष्टाचार' को संज्ञा दिएको छ। बिहीबार ह्वाइट हाउसमा भएको प्रेस ब्रिफिङमा बोल्दै प्रेस सचिव साराह स्यान्डर्सले भनिन् 'एक नेताले अर्को सरकारको सैन्य अधिकारीले सलाम गर्दा त्यसलाई फर्काउनु सामान्य भद्रता हो।'



# लिंग परिवर्तन गरी सेवामा जान मुख्यमन्त्रीको समर्थन

नयाँ दिल्ली, (एजेन्सी)

शल्यक्रियामार्फत लिंग परिवर्तन गरेका १ जना प्रहरी अधिकारीलाई पुन: सेवामा प्रवेश गराउन १ जना मन्त्रीले प्रत्यक्ष समर्थन गरेका छन्। यस्तो मामिलामा मन्त्री आफैंले चासो राखेको यो पहिलो घटना हो। २९ वर्षीय ललित साल्भेले सन् २००९ मा पश्चिमी महाराष्ट्र राज्यमा महिला कन्स्टेवलको हैसियतले सेवा प्रवेश गरेका थिए।

त्यसको २ वर्षपछि २५ मेमा उनी शल्यक्रिया गराई पुरुष बनेका थिए। साल्भेले शुरूमा आफूलाई रोजगारदाताले सहयोग नगरेको गुनासो गरेका छन्। तर उनले मुम्बईको उच्च अदालतसमक्ष याचिकापत्र दायर गरेपछि राज्यको मुख्यमन्त्री देवेन्द्र फदनाभिसले उनको मामिलामा हस्तक्षेप गरेका थिए।

उनले बीबीसी मराठीका पत्रकार जान्हावी मूलेलाई बताएका छन्- 'विगतको केही वर्ष निकै तनावपूर्ण रह्यो। तर शल्यक्रियापछि पहिलो पटक बिउँझिदा मैले बल्ल हलुका महसुस गरें। पहिले मलाई मरुँ कि बाँचु जस्तो हुने गर्थ्यो। प्रहरी विभागले शल्यक्रियाका लागि चाहिने १ महिना विदा दिन पनि मानेन।'

हुन त प्रहरी विभागलाई पनि शुरूमा महिलाको रुपमा सेवामा प्रवेश गरेका उनलाई पछि अचानक पुरुष बन्दा कसरी व्यवहार गर्ने हो भन्नेबारे अलि अलमल परेकै थियो। सन् २०१७ को नोभेम्बरमा साल्भेले आफूलाई प्रहरी विभागमा पुरुषको हैसियतले व्यवहार गरियोस् भनी उच्च अदालतसमक्ष याचिकापत्र दायर गरेका थिए। उनी लिंग डिस्फोरिया नामक रोगबाट पीडित थिए। यसबाट पीडित व्यक्तिको लिंग स्पष्ट हुँदैन।

